# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १२] काठमाडौं, माघ ३ गते २०१९ साल [अतिरिक्ताङ्क ३१[क]

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०१९ सालको ऐन नं. ३९

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद अति कीर्तिमय नेपाल श्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

### अञ्चल पञ्चायतहरूको गठन र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः—— राष्ट्रिय जीवनको सर्वाङ्गीण विकासको निमित्त जिल्ला पञ्चायतको कार्यक्रमहरूको निर्देशन तथा समन्वय गर्न अञ्चल पञ्चायतको स्थापना गरी पञ्चायत प्रणालीको जग मजबूत बनाउने व्यवस्था गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ अनुसारको यो ऐन बनाइबक्सेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# परिच्छेद–१

## प्रारम्भिक कथन

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम अञ्चल पञ्चायत ऐन, २०१९ रहेको छ।

(२) यो ऐन नेपाल अधिराज्य भर लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा—

(क) "अञ्चल सभा" भन्नाले यो ऐनको दफा ३ बमोजिम स्थापित अञ्चल सभा सम्झनु पर्छ,

(ख) "अञ्चल पञ्चायत" भन्नाले "यो ऐनको" दफा १५ बमोजिम स्थापना र गठन भएको अञ्चल पञ्चायत सम्झनु पर्छ,

(ग) "सचिव" भन्नाले अञ्चल सभा र अञ्चल पञ्चायतको सचिवलाई सम्झनु पर्छ,

(घ) 'तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

# परिच्छेद–२

## अञ्चल सभाको स्थापना र गठन

३. अञ्चल सभाको स्थापना र गठनः– (१) श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी प्रत्येक अञ्चलमा अञ्चल सभा गठन गर्नेछ।

(२) श्री ५ को सरकारले मनासिब ठहराएमा अञ्चल सभाको इलाकामा थपघट गर्न सक्नेछ र त्यस्तो थपघटको सूचना नेपाल गजेटमा प्रकाशित गरिने छ।

(३) अञ्चल सभामा सो अञ्चलभित्रका जिल्ला पञ्चायतका सदस्यहरु सदस्य हुनेछन्।

(४) अञ्चल सभामा देहाय बमोजिमका सहयोगीहरु रहने छन् र निजहरुले अञ्चल सभाको अधिवेशनमा भाग लिन पाउने छन्।

तर निजहरुलाई मत दिने अधिकार हुनेछैन।

(क) अञ्चलस्तरीय नेपाल महिला संगठनले छानेका तीन जना व्यक्तिहरु,

(ख) अञ्चलस्तरीय नेपाल किसान संगठनले छानेका चार जना व्यक्तिहरु,

(ग) अञ्चलस्तरीय नेपाल युवक संगठनले छानेका चार जना व्यक्तिहरु,

(घ) अञ्चलस्तरीय नेपाल मजदूर संगठनले छानेका दुई जना व्यक्तिहरु,

(ङ) अञ्चलस्तरीय नेपाल भूतपूर्व सैनिक संगठनले छानेका दुई जना व्यक्तिहरु,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२००

(ख) कम्तीमा शास्त्री वा ब्याचिलर्स डिग्री प्राप्त गरेका व्यक्तिहरूमध्येबाट अञ्चल पञ्चायतबाट मनोनीत चार जना व्यक्तिहरू ।

(५) अञ्चल सभामा अञ्चलाधीश तथा श्री ५ को सरकारले तोकेका अन्य अञ्चलस्तरीय सरकारी कर्मचारी पर्यवेक्षकको रूपमा रहने छन् ।

तर आफूलाई सोधिएको कुरामासम्म निजहरूले छलफल गर्न पाउने छन्. मत दिन पाउने छैनन् ।

(६) "दफा १५ मा" जेसुकै लेखिएको भए तापनि जिल्ला पञ्चायतको सदस्य अञ्चल पञ्चायतको सदस्य छानिएपछि सम्बन्धित जिल्ला पञ्चायतबाट निजको स्थान रिक्त भएको मानिने छ । तर निज अञ्चल पञ्चायतको सदस्यको हैसियतले जिल्ला सभाको पदेन सदस्य रहने छ ।

४. अञ्चल सभा संस्था मानिने:– (१) दफा ३ बमोजिम स्थापना भएको अञ्चल सभा अविच्छिन्न उत्तराधिकारवाला एक संगठित र स्वशासित संस्था हुनेछ र त्यस संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) सो संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति किन्न, बेच्न, दान दातव्य लिन, आफ्नो जायज्यथाको उचित प्रबन्ध गर्न र अरू कुनै किसिमको ठेक्कासमेत लिन, दिन सक्ने छ ।

(३) सो संस्थाले व्यक्ति सरह नालिश, उजूर गर्न र निज उपर व्यक्ति सरह नै नालिश, उजूर, लाग्न सक्ने छ ।

५. एकसाथ एकभन्दा बढी अञ्चल सभाको सदस्य रहन नपाउने:– कुनै व्यक्ति एक समयमा एकभन्दा बढी अञ्चल सभाको सदस्य हुन सक्तैन ।

६. अञ्चल सभाको बैठकको सभापतित्व गर्ने:– सभापतिको अनुपस्थितिमा उप-सभापतिले र निज पनि अनुपस्थित रहेको समयमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले सो अञ्चल सभाको सभापतित्व गर्नेछ ।

७. अञ्चल सभाका सदस्यहरूको पदावधि:– यस ऐनको अधीनमा रही अञ्चल सभाका सदस्यहरूको पदावधि निजहरू जिल्ला पञ्चायतको सदस्य रहेसम्म हुनेछ ।

८. खाली पदको पूर्ति:– परलोक भै वा सदस्यताबाट राजीनामा गरी वा अरू कुनै कारणले निर्वाचित सदस्यको पद खाली हुन आएमा सो रिक्तस्थानको पूर्ति चुनावद्वारा गरिने छ ।

तर सो सदस्यको कार्यकाल साविकवालाको बांकी अवधिसम्म मात्र रहने छ ।

९. अञ्चल सभाको सदस्यको निमित्त अयोग्यता:– देहायमा लेखिए बमोजिमको कुनै व्यक्ति अञ्चल सभाको सदस्यमा छानिन वा त्यस्तो पदमा बहाल रहन अयोग्य हुनेछ—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) मगज बिग्रेको, लाटो वा बाक्य बन्द भएको,

(ख) नैतिक पतन देखिने कुनै अभियोगमा दोषी प्रमाणित भई सो बापत ६ महीनाभन्दा बढी कैदको सजाय भएको र त्यस्तो कैदको सजाय भोगिसकेको मितिले ५ वर्ष भुक्तान नभएको,

(ग) टाट उल्टी साहूको दामासाहीमा परेको,

(घ) बहालवाला सरकारी कर्मचारी,

(ङ) गाउँ पञ्चायत, नगर पञ्चायत वा जिल्ला सभाको वैतनिक कर्मचारी ।

१०. अञ्चल सभाको सदस्य कायम नरहने अवस्थाः– देहायको कुनै व्यक्ति अञ्चल सभाको सदस्यमा बहाल रहने छैनः–

(क) आफू सदस्य रहेको अञ्चल पञ्चायतसंगको ठेक्कामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट हिस्सा लिएमा वा कटकेन्दार भएमा,

(ख) आफू सदस्य रहेको अञ्चल पञ्चायतको विरूद्ध उठेको कुनै मुद्दा मामिलामा विपक्षीसंग मिली मुद्दा चलाउन मद्दत दिएमा वा पैरवी गरेमा,

(ग) आफू बसोबास गरिआएको ठाउँ अञ्चल सभाको इलाकाबाट झिकिएमा,

(घ) अञ्चल सभाको इलाकाभित्र साधारणतया नबस्ने भएमा वा अरू कुनै अञ्चल सभाको सदस्य भएमा वा त्यस्तो सभामा मत दिने अधिकार प्रयोग गरेमा,

(ङ) मनासिब माफिकको कारणसहितको सूचना नपठाई अञ्चल सभाको बैठकमा लगातार ३ पटकसम्म गैर हाजिर भएमा ।

११. कायम नै रहेको मानिनेः– यस ऐनमा अरू भागमा जेसुकै लेखिएको भए तापनि अञ्चल सभाको कुनै सदस्य राष्ट्रिय पञ्चायतको सदस्य छानिएमा अञ्चल सभा तथा जिल्ला सभामा निजको सदस्यता निजको राष्ट्रिय पञ्चायतको सदस्यताको अवधि समाप्त भएपछि पनि सो रिक्तस्थानको पूर्तिको निमित्त हुने चुनाउ समाप्त नभए सम्मको अवधि भर कायम नै रहेको मानिने छ ।

## परिच्छेद–३

### अञ्चल सभाको बैठक र काम

१२. अञ्चल सभाको अधिवेशनः– (१) प्रत्येक वर्ष अञ्चल सभाको दुई अधिवेशन हुनेछ, तर दुवै अधिवेशनको बीचमा ६ महीनाभन्दा बढी समयको फरक हुनु हुँदैन ।

(२) अञ्चल सभाको बैठक अञ्चल पञ्चायतको निर्णय अनुसार सभापतिले बोलाउने छ, तर अञ्चल सभाको सदस्यहरूमध्ये सयकडा २० प्रतिशतसम्मले मनासिब माफिकको कारण देखाई फलाना विषयमा बैठक गर्न पाऊँ भनी सभापति समक्ष दरखास्त दिएमा सभापतिले सो दरखास्त परेका मितिले ३० दिनभित्र अञ्चल सभाको बैठक बोलाउने छ ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) बैठकको सूचना बैठक बस्ने दिनभन्दा कमसेकम १५ दिन अगाडि नै अञ्चल सभाका सदस्यहरूलाई दिइसक्नुपर्नेछ ।

(४) अञ्चल सभाको बैठकको निमित्त अञ्चल सभाको जम्मा सदस्य संख्याको कमसेकम सयकडा ४० प्रतिशत सदस्यहरू जम्मा नभई बैठक हुन सक्ने छैन । तर सो बैठकमा माथि लेखिए बमोजिमको संख्यामा सदस्य जम्मा हुन नसकेमा आवश्यकतानुसार अर्को कुनै दिन बैठक मुकरर गरी सयकडा २५ प्रतिशत सदस्यहरू जम्मा भए पनि बैठक गर्न हुन्छ ।

१३. म्यादभित्र बैठक नबोलाएमा सचिवले बैठक बोलाउनेः– दफा १२ को उपदफा (२) मा लेखिए बमोजिमको म्यादभित्र सभापतिले बैठक नबोलाएमा सचिवले म्याद नाघेको २ महीनाभित्र अञ्चल सभाको बैठक बोलाउने छ ।

१४. बैठकमा गर्नुपर्ने कारवाइः– अञ्चल सभाका बैठकहरूमा वार्षिक अनुमानित बजेट र पूरक अनुमानित बजेट तथा अञ्चल पञ्चायतले अञ्चलभित्र लागू गर्न तैयार गरेका योजनाहरूमाथि छलफल गरिने छ ।

## परिच्छेद–४

### अञ्चल पञ्चायतको स्थापना र गठन

१५. अञ्चल पञ्चायतको स्थापना र गठनः– (१) अञ्चल सभाको स्थापना भएपछि सकभर चांडो त्यस अञ्चल सभाका सदस्यहरूले आफूमध्येबाट तोकिए बमोजिम गुप्त मतदानद्वारा एउटा सभापति, उप-सभापति र अरू ९ सदस्यहरू समेत गरी जम्मा ११ जनाको कार्यकारिणी समितिको चुनाउ गर्नेछन् र सो कार्यकारिणी समिति अञ्चल पञ्चायत मानिने छ ।

तर अञ्चल सभाले अञ्चल पञ्चायतका सदस्यहरूको निर्वाचन गर्दा सो अञ्चलभित्र पर्ने प्रत्येक जिल्लाबाट कम्तीमा एउटा सदस्य निर्वाचित गर्नुपर्छ ।

(२) उपदफा (१) बमोजिम सर्वप्रथम सभापति र उप-सभापतिको चुनाउ हुनेछ । त्यसपछि अरू ९ सदस्यहरूको चुनाउ हुनेछ ।

(३) उपदफा (२) बमोजिम सभापति, उप-सभापति र सदस्यहरू छान्नको निमित्त सचिवले बैठक बोलाउने छ ।

तर मत बराबर भएमा निजले गोला हाली निर्णय गर्नेछ ।

(४) अञ्चल पञ्चायतको सभापति र उप–सभापति अञ्चल सभाको पदेन सभापति र उप-सभापति हुनेछ ।

१६. अञ्चलाधीशले भाग लिन पाउनेः– अञ्चलाधीशले अञ्चल पञ्चायतको बैठकमा भाग लिन पाउने छन्, तर निजलाई मत दिने अधिकार हुनेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. सचिवः– सचिव श्री ५ को सरकारद्वारा नियुक्त गरिने छ।

१८. पदावधिः– (१) अञ्चल पञ्चायतको सभापति र उप–सभापतिको पदावधि दुई वर्षको हुनेछ।

तर सो पदावधि समाप्त भै निजहरूको स्थान रिक्त हुन आएमा सभापति वा उप-सभापति जसको स्थान रिक्त हुन आएको छ सो रिक्तस्थानको पूर्ति दफा १५ बमोजिम गरिने छ।

(२) अञ्चल पञ्चायतको सभापति र उप-सभापति बाहेक बांकी ६ जना सदस्यहरूको पदावधि निजले सपथ-ग्रहण गरेको मितिले ६ वर्षको हुनेछ।

तर प्रथम पटक निर्वाचित ९ सदस्यहरूमध्ये ३ जना सदस्यको पदावधि २ वर्षको, अर्को तीन जनाको पदावधि ४ वर्षको, र बांकी ३ जनाको पदावधि ६ वर्षको हुनेछ। यस अनुसार कुन चाहिं सदस्यको पदावधि कति वर्षको हुनेछ भन्ने निर्णय सभापतिले अञ्चल पञ्चायतको बैठकमा गोलाहाली गर्नेछ। त्यसपछि अञ्चल पञ्चायतको कुनै सदस्यको पदावधि समाप्त भएमा वा अरू कुनै कारणले निजको स्थान रिक्त हुन आएमा अञ्चल सभाले दफा १५ अनुसार निर्वाचनद्वारा सो रिक्त–स्थानको पूर्ति गर्नेछ।

(३) पदावधि समाप्त भै स्थान रिक्त भएकोमा बाहेक अरू कुनै कारणले बीचमा कुनै सदस्यको स्थान रिक्त भएकोमा सो सदस्यको बांकी पदावधिसम्मको लागि मात्र नयां सदस्यको निर्वाचन गरिने छ।

१९. अञ्चल पञ्चायतको सदस्यता कायम नरहने अवस्थाः– (१) देहायमा लेखिएको अवस्थामा अञ्चल पञ्चायतको सभापति, उप-सभापति वा अरू कुनै सदस्य आफ्नो पदमा बहाल रहने छैनः–

(क) अञ्चल पञ्चायतलाई मनासिब कारणको सूचना नदिई लगातार तीन पटकसम्म अञ्चल पञ्चायतको बैठकमा अनुपस्थित भएमा,

(ख) दफा २६ बमोजिम कुनै सदस्यहरूलाई हटाउने प्रस्ताव पास भएमा,

(ग) मन्त्री वा सहायक मन्त्री वा राष्ट्रिय पञ्चायतको अध्यक्ष वा उपाध्यक्ष भएमा।

(२) यस ऐन बमोजिम अञ्चल पञ्चायतको सदस्य हुन अयोग्य व्यक्ति कुनै कारणले सदस्य भई कामकाज गरिआएको रहेछ भने सो कारणले मात्र अञ्चल पञ्चायतमा भैसकेको कामकाज बदर हुनेछैन।

२०. सर्वोच्च अदालतको न्यायाधीशको निर्णय अन्तिम हुनेः– (१) अञ्चल सभाको कुनै सदस्यको अयोग्यताको सम्बन्धमा कसैको उजूर परेमा अञ्चल सभाको सभापतिले अञ्चल पञ्चायतको सिफारिश अनुसार कारणसमेत खुलाई श्री ५ को सरकारबाट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तोकेको सर्वोच्च अदालतको न्यायाधीश समक्ष पठाउने छ र सो न्यायाधीशले गरेको निर्णय अन्तिम मानिने छ।

(२) उपदफा (१) बमोजिम कारवाइ हुँदा उक्त सदस्यको अयोग्यता प्रमाणित नभएसम्म निज आफ्नो पदमा बहाल रहने छ।

## परिच्छेद—५

## अञ्चल पञ्चायतको बैठक र कार्य प्रणाली

२१. सपथ ग्रहण:— आफ्नो पदमा बहाल गर्नुभन्दा अघि अञ्चल पञ्चायतको सभापतिले श्री ५ को सरकारबाट तोकिएको पदाधिकारी समक्ष र अन्य सदस्यहरूले सभापति समक्ष तल लेखिए बमोजिमको शपथ ग्रहण गर्नुपर्छ:—

म ईश्वरको नाममा शपथ लिन्छु / सत्यनिष्ठासहित प्रतिज्ञा गर्दछु कि श्री ५ महाराजाधिराज र मौसूफका उत्तराधिकारीहरू प्रति पूर्णतया वफादार रही आफ्नो सम्पूर्ण योग्यता, ज्ञान र विवेकद्वारा आफ्नो कर्तव्यलाई भय, पक्षपात, लोभ, माया वा द्वेषभाव नगरी पालन गर्ने छु।

२२. अञ्चल पञ्चायतको बैठकको सभापतित्व गर्ने:— सभापतिको अनुपस्थितिमा उपसभापतिले र निज पनि अनुपस्थित रहेको समयमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले अञ्चल पञ्चायतको बैठकको अध्यक्षता गर्नेछ।

२३. अञ्चल पञ्चायतको बैठक:— अञ्चल पञ्चायतको बैठक सभापतिले आवश्यकतानुसार दिएको आदेश अनुसार सचिवले बोलाउने छ:—

तर अञ्चल पञ्चायतको ६ वा ६ भन्दा बढी सदस्यले बैठक बोलाउने लिखित मांग गरेमा पनि सचिवले १५ दिनभित्र बैठक बोलाउनुपर्नेछ।

२४. गण पूरक संख्या:— अञ्चल पञ्चायतको आधाभन्दा बढी सदस्य उपस्थित नभै अञ्चल पञ्चायतको कुनै बैठक हुन सक्ने छैन।

२५. राजीनामा:— अञ्चल पञ्चायतको सभापतिले श्री ५ को सरकारको समक्ष र उपसभापति, अञ्चल सभाका सदस्यहरू र अञ्चल पञ्चायतको अरू सदस्यले सभापति छेउ आफ्नो हस्ताक्षरले राजीनामा लेखी पद त्याग गर्न पाउँछ र त्यस्तो राजीनामा स्वीकृत भएपछि निजको स्थान रिक्त भएको मानिने छ।

२६. अविश्वासको प्रस्ताव:— (१) अञ्चल पञ्चायतका सभापति, उप-सभापति वा सदस्यहरूलाई अञ्चल सभाले आफ्नो सम्पूर्ण सदस्य संख्याको तीन खण्डमा दुई खण्डको बहुमतले अविश्वासको प्रस्ताव पास गरेर आफ्नो पदबाट हटाउन सक्ने छ र त्यस्तो प्रस्ताव उपर विचार गर्दा अञ्चल सभाले सो हटाउन खोजिएको सदस्यलाई आफ्नो बचाउ गर्न र सफाइको प्रमाणहरू पेश गर्ने मौका दिनु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सभापतिलाई हटाउने प्रस्ताव पेश हुने बैठकको सभापतित्व उप-सभापतिले र निजको अनुपस्थितिमा अञ्चल सभाले छानेको कुनै अन्य सदस्यले गर्नेछ।

(३) अञ्चल पञ्चायतका सभापति वा उप-सभापति वा कुनै सदस्य उपर अविश्वासको प्रस्ताव ३ खण्डको २ खण्ड बहुमतले पास हुन नसकेमा निज उपर पुनः अविश्वासको प्रस्ताव पहिले निर्णय भएको ३ महीना ननाघी पेश गर्न पाइने छैन।

(४) माथिको उप-दफाहरूमा जेसुकै लेखिएको भए तापनि सर्वप्रथम सभापति, उप-सभापति चुनाउ भै शपथ ग्रहण गरेको ६ महीना ननाघी कुनै सदस्यले कुनै अविश्वासको प्रस्ताव पेश गर्न पाउने छैन।

## परिच्छेद–६

### अञ्चल पञ्चायतको कर्तव्य र अधिकार

२७. अञ्चल पञ्चायतको कर्तव्य र अधिकारः– आफ्नो इलाकाभित्र देहायमा लेखिएको कामहरू गर्ने अञ्चल पञ्चायतको कर्तव्य र अधिकार हुनेछः–

(क) अञ्चलभित्र पर्ने दुई वा सोभन्दा बढी जिल्लाहरूलाई उपयोगी हुन सक्ने कृषि, शिक्षा, सिंचाइ, स्वास्थ्य, लघु तथा घरेलु उद्योग, सडक, पूल, हुलाक सहकारिता इत्यादि विभिन्न विषय सम्बन्धी योजना बनाई लागू गर्ने,

(ख) अञ्चल पञ्चायतको क्षेत्रभित्र रहेको जिल्ला पञ्चायतहरूको आम्दानी खर्चको निरीक्षण गर्ने र निरीक्षणको सिलसिलामा बजेटमा समेत केही त्रुटी देखिएमा वा काममा शीघ्रता ल्याउनको निमित्त आफ्नो सुझाउ-समेत पुनः विचारको निमित्त जिल्ला पञ्चायतमा पठाइदिने,

(ग) जिल्ला पञ्चायतका कामहरूको रेखदेख, मूल्यांकन र निरीक्षण गर्ने,

(घ) श्री ५ को सरकारको अञ्चलस्तरीय योजना कार्यान्वित गर्ने,

(ङ) आफ्नो अञ्चलभित्रका जिल्लाहरूको योजनाको समन्वय गर्ने,

(च) दुई वा दुईभन्दा बढी जिल्ला पञ्चायतहरूको सम्मिलित योजनालाई कार्यरूपमा परिणत गर्नलाई उचित सहायता दिने,

(छ) श्री ५ को सरकार अथवा ऐनद्वारा सुम्पिएको अरू कुनै कार्य गर्ने,

(ज) श्री ५ को सरकारले कुनै विषयमा मागेको राय सल्लाह दिने,

(झ) आवश्यकतानुसार आफ्नो अञ्चलस्तरको आफ्नो क्षेत्र अन्तर्गत पर्ने पञ्चायत वा अन्य संस्थाहरूबाट श्री ५ को सरकारको आदेशानुसार आँकडा तयार गर्ने गराउने,

(ञ) विकास कार्यमा अभिरुची उत्पन्न गर्नसमेतको लागि समय समयमा अञ्चलस्तरमा विकास प्रदर्शनी, किसान मेला, पञ्च सम्मेलन आदि गर्ने र गाउँ पञ्चायत, नगर पञ्चायत र जिल्ला पञ्चायतलाई कानून बमोजिमको कामको निमित्त सहयोग र सल्लाह गर्ने।

अधिकारीकर्ता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८०६२

२८. अञ्चल पञ्चायतले समिति र उप-समिति गठन गर्नेः– (१) अञ्चल पञ्चायतले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम आफूले गर्नु पर्ने वा गर्न हुने कुनै काम गर्नको निमित्त आफ्नो सदस्यहरूमध्येबाट छानी बढीमा पांच र कम्तीमा तीन सदस्य भएको समिति वा उप–समिति गठन गर्न सक्ने छ। त्यस्तो समिति वा उप-समितिमा कुनै गैर सरकारी वा सरकारी व्यक्तिहरू सल्लाहकारको रूपमा राख्न सकिने छ।

(२) उपदफा (१) बमोजिम गठित समिति वा उप-समितिको सदस्य हेरफेर गर्न, झिक्न वा त्यस्तो कुनै सदस्यको स्थान रिक्त हुन आएमा सो रिक्तस्थानको पूर्ति गर्न र त्यस्तो समिति वा उप-समितिको अख्तियार तोक्न अञ्चल पञ्चायतलाई अधिकार हुनेछ।

२९. अञ्चल पञ्चायतले संयुक्त समिति गठन गर्नेः– (१) अञ्चल पञ्चायतले समय समयमा एक वा एकभन्दा बढी अञ्चल पञ्चायतसंग मिली देहायको काम गर्न सक्ने छः–

(क) सम्मिलित तौरबाट कुनै कार्य गर्नको निमित्त आफ्नो सदस्यहरूमध्ये संयुक्त समिति खडा गर्ने र त्यसको अध्यक्ष तोक्ने,

(ख) त्यस्तो संयुक्त समितिमध्ये कुनै एक वा सबैले अधिकार प्रयोग गर्ने गरी सुम्पने, कुनै संयुक्त, निर्माण कार्य गरी भविष्यमा त्यसको हेरबाह गर्न आफूमध्ये प्रत्येकलाई लागू हुने गरी शर्त तोक्न अधिकार सुम्पने र,

(ग) त्यस्तो संयुक्त समितिका काम कारवाइ नियमित गर्नको लागि विनियमहरू बनाउने र यस दफा अन्तर्गत काम कारवाइ गर्न दुई वा दुईभन्दा बढी अञ्चल पञ्चायतका बीचमा झगडा परेमा वा कुनै कुरामा मतभेद भएमा निर्णयको लागि श्री ५ को सरकारले खडा गरेको समितिमा पठाउने।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम खडा भएको समितिमा पठाएको कुरामा सो समितिको निर्णय अन्तिम हुनेछ।

३०. अख्तियार सुम्पनेः– (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा कुनै खास पदाधिकारीले गर्ने भनी लेखिएकोमा बाहेक आवश्यक परेमा अञ्चल पञ्चायतको अन्य सबै वा कुनै काम कर्तव्य वा अधिकार कुनै समिति, उप-समिति, अञ्चल पञ्चायतका सभापति, उप-सभापति वा कुनै सदस्य, सचिव वा अन्य कुनै कर्मचारीले पालन र प्रयोग गर्न पाउने गरी अञ्चल पञ्चायतले सुम्पन सक्ने छ।

(२) अञ्चल पञ्चायतले उपदफा (१) बमोजिम आफ्नो काम कर्तव्य र अधिकार सुम्पिदा शर्तहरू तोक्न सक्ने छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) अञ्चल पञ्चायतले उपदफा (१) बमोजिम दिएको अधिकार जुनसुकै बखत झिक्न सक्ने छ।

३१. सभापतिको कर्तव्य र अधिकारः– (१) सभापतिको कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) अञ्चल सभा, अञ्चल पञ्चायतको बैठकमा रिपोर्ट, प्रस्ताव इत्यादि गर्न अनुमति दिने,

(ख) अञ्चल सभा वा अञ्चल पञ्चायतले पास गरेका काम कारवाइहरू उपर रेखदेख गर्ने गराउने,

(ग) अञ्चल पञ्चायतका कर्मचारीहरूले गरेको काम कारवाइहरू उपर रेखदेख, नियन्त्रण गर्ने,

(घ) अञ्चल सभाको धनमालको हेर विचार राख्ने र त्यसमा केही दोष देखेमा त्यसलाई ठीक गर्ने,

(ङ) अञ्चल पञ्चायत सम्बन्धी स्याहा, स्रेस्ता काम कारवाइको रेकर्ड र कागजातहरू ठीकसंग राखिएको दुरुस्त छ छैन जांची ठीकसंग राख्न लगाउने,

(च) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम आफूलाई सुम्पिएको वा तोकिएको अरू सबै कर्तव्यको पालन र अधिकारको प्रयोग गर्ने,

(छ) श्री ५ को सरकारले निर्देशन दिएको अन्य कुनै काम गर्ने।

(२) सभापतिले आफ्नो कार्यकारिणी अधिकार सचिव वा अन्य कुनै अफिसरलाई सुम्पन सक्ने छ।

३२. उप-सभापतिको कर्तव्य र अधिकारः– उप-सभापतिको कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) सभापति बिरामी भएमा वा अन्य कुनै कारणले आफ्नो काम गर्न असमर्थ भएमा निजको कर्तव्यको पालन र अधिकारको प्रयोग गर्ने, र

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम वा आफूलाई सुम्पिएको वा तोकिएको अन्य सबै कर्तव्यको पालन र अधिकारको प्रयोग गर्ने।

३३. सचिवको कर्तव्य र अधिकारः– (१) सचिवको कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) अञ्चल सभा र अञ्चल पञ्चायतको बैठकमा यस ऐन बमोजिम गठित समिति वा उप-समितिको बैठकमा पेश भएको प्रस्ताव र सो प्रस्ताव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपर भएको छलफल र निर्णयको रेकर्ड राख्ने र त्यसको प्रतिलिपि सम्बन्धित सबै सदस्यहरू छेउ पठाउने,

(ख) अञ्चल पञ्चायतको निर्णय सभापतिको सामान्य रेखदेखमा रही कार्यान्वित गर्ने,

(ग) अञ्चल पञ्चायतले गर्ने विकासको काममा सल्लाह दिने,

(घ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम आफूलाई सुम्पिएको वा तोकिएको अन्य कर्तव्यको पालन र अधिकारको प्रयोग गर्ने।

(२) सचिवले यस ऐन बमोजिमको आफ्नो कुनै कर्तव्य वा अधिकार आफ्नो रेखदेखमा पालन तथा प्रयोग गर्ने गरी अञ्चल पञ्चायतको अन्य कुनै कर्मचारीलाई सुम्पन र सो बमोजिम सुम्पेको अधिकार वा कर्तव्य जुनसुकै बखत झिक्न सक्ने छ।

३४. कर्मचारीहरूको नियुक्तिः– (१) प्रत्येक अञ्चल पञ्चायतमा श्री ५ को सरकारले सामान्य वा विशेष रूपले स्वीकृत गरेको दरबन्दी बमोजिमको कर्मचारीहरू नियुक्त हुन सक्ने छन्।

(२) उपदफा (१) को अधीनमा रही अञ्चल पञ्चायतले आफ्नो फण्डबाट बेहोर्ने गरी भर्ना गर्ने कर्मचारीहरूको नियुक्ति, बढुवा, बर्सास्ती, तथा सेवाको अन्य शर्तहरू तोकिए बमोजिम गर्न सक्ने छ।

(३) श्री ५ को सरकारले तोकेको अञ्चलस्तरका अरू सरकारी कर्मचारीहरू पनि अञ्चल पञ्चायतको मातहतमा रही काम गर्नेछन् र त्यस्ता कर्मचारीहरूलाई निजामती सेवा नियमावली अनुसार सजाय गर्न अञ्चल पञ्चायत वा अञ्चल सभाले श्री ५ को सरकारलाई सिफारिश गर्न सक्ने छ।

३५. सदस्य तथा सल्लाहकारलाई भत्ता आदि दिनेः– (१) सभापति, उप-सभापति वा कुनै सदस्य, अञ्चल सभा, अञ्चल पञ्चायत र त्यसको समितिहरूको बैठकमा हाजिर भएमा वा आफ्नो पदमा रही काम गरे बापत अञ्चल सभाको कोषबाट तोकिए बमोजिमको भत्ता दिन सकिने छ।

(२) अञ्चल पञ्चायतको समिति वा उप-समितिको बैठकमा हाजिर भई काम गरे बापत सल्लाहकारलाई अञ्चल सभाको कोषबाट तोकिए बमोजिमको भत्ता दिन सकिने छ।

## परिच्छेद–७

## अञ्चल सभाको कोष र सम्पत्ति

३६. अञ्चल सभाको कोषः– (१) हरेक अञ्चल सभाको आफ्नो एउटा कोष रहने छ जसलाई सभाको कोष भनिने छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) अञ्चल सभाको कोषमा देहायका रकमहरूको आम्दानी बांधिने छः–

(क) अञ्चल पञ्चायतले श्री ५ को सरकारबाट पाएको सबै जिन्सी नगदी,

(ख) कुनै सरकारी वा अर्ध सरकारी संस्थाबाट विशेष कामलाई सहायता रूपमा प्राप्त हुन आएको रकमहरू,

(ग) अञ्चल पञ्चायतको चल अचल सम्पत्तिबाट उठेको आम्दानी,

(घ) गाउँ पञ्चायत, नगर पञ्चायत, जिल्ला पञ्चायत तथा अन्य संस्थाहरू अथवा कसैबाट प्राप्त हुन आएको चन्दा, दान तथा अन्य रकम,

(ङ) अञ्चल पञ्चायतले ऋण लिएको रकम,

(च) अञ्चल पञ्चायतलाई प्राप्त भएको अरू कुनै रकम।

(३) अञ्चल पञ्चायतले पाएको वा प्राप्त गरेको रकम नेपाल राष्ट्रबैंक वा त्यसको शाखामा जम्मा गर्ने र राष्ट्रबैंकको शाखा नभएको ठाउँमा इलाका मालमा जम्मा गर्नुपर्छ।

(४) अञ्चल सभाको कोष सचिवको जिम्मा रहने छ र निजले यस ऐन अन्तर्गत बनेको नियम, विनियमको अधीनमा रही खर्च गर्नेछ।

३७. अञ्चल सभाको सम्पत्तिः-- अञ्चल सभाको इलाकाभित्रको निम्नलिखित सम्पत्ति अञ्चल सभाको सम्पत्ति हुनेछ र अञ्चल सभाले सो सम्पत्तिको रेखदेख र प्रबन्ध गर्नेछ।

(क) अञ्चल सभाको कोषबाट बनेको वा खरीद भएको वा थुपारिएको वा अञ्चल सभालाई श्री ५ को सरकार वा कुनै व्यक्ति वा संस्थाले हक छाडी दिएको सबै सम्पत्ति,

(ख) कुनै व्यक्तिविशेष वा संस्थाको अथवा जिल्ला पञ्चायत वा ग्राम पञ्चायतको हक अधिकार नभएको र श्री ५ को सरकारको नियन्त्रणमा नरहेको घर, जमीन वा सार्वजनिक ढल, नाल, पूल, पोखरी, देवस्थल वा त्यस्तो अरू कुनै स्थान, पाटी, पौवा, धारा, इनार, सडक र सडकका दांया बांयाका रूखहरू।

३८. अञ्चल सभाले लगाउन पाउने कर, दस्तूर इत्यादिः– (१) अञ्चल सभाले आफूले गरेको कुनै विशेष कामको निमित्त फाइदा हुने क्षेत्रभित्रबाट विशेष कर उठाउन सक्ने छ।

(२) अञ्चल सभाले आफ्नो क्षेत्रभित्रको जिल्ला पञ्चायतको आयबाट बढीमा १० प्रतिशतसम्म लिन सक्ने छ।

३९. हिसाब किताब राख्ने र जांच गर्नेः– (१) अञ्चल सभाले आफ्नो आम्दानी खर्चको हिसाब किताब तोकिए बमोजिम दुरुस्त राख्न लगाउन पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) अञ्चल सभाको हिसाब किताब श्री ५ को सरकारबाट खटाएको व्यक्तिले तोकिए बमोजिम प्रत्येक वर्ष जांच गर्नेछ र श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत अञ्चल सभाको कागजात र अरू नगदी जिन्सीसमेतको जांच गर्न गराउन सक्ने छ ।

४०. अञ्चल पञ्चायतले कर्जा, सापट र ठेक्का लिने, दिने अधिकारः— अञ्चल पञ्चायतले श्री ५ को सरकारको स्वीकृति लिई देहायको काम गर्न सक्ने छः—

(क) अञ्चल पञ्चायतले आफ्नो कर्जा, आफैं भुक्तान गर्न सक्ने खालको विकास कामको लागि ५ लाखसम्म सापटी, कर्जा लिने,

(ख) आफ्नो कोषको रुपैयाँको पचास प्रतिशतसम्म लगानी गर्ने,

(ग) आफ्नो इलाका बाहिर आफ्नो आम्दानीको ५० प्रतिशतसम्मको अञ्चल सम्पत्ति खरीद गर्ने वा केही कुरा बनाउने ।

४१. बजेटः— अञ्चल पञ्चायतले प्रत्येक आफ्नो आर्थिक वर्षको सम्बन्धमा अनुमानित बजेट तोकिए बमोजिम अञ्चल सभाको स्वीकृतिको निमित्त पेश गर्नुपर्दछ र स्वीकृति भएको विवरण अनुसार तोकिए बमोजिम खर्च गर्नुपर्दछ ।

(२) प्रत्येक आर्थिक वर्ष समाप्त हुनुभन्दा अगावै अञ्चल पञ्चायतले आवश्यकतानुसार पूरक अनुमानित बजेट पनि अञ्चल सभाको स्वीकृति निमित्त पेश गर्न सक्ने छ ।

(३) प्रत्येक अञ्चल पञ्चायतले आफ्नो अञ्चल सभाद्वारा स्वीकृत बजेटको एक प्रति श्री ५ को सरकारको समक्ष पठाउनुपर्दछ । श्री ५ को सरकारले चाहेमा बजेटका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्ने छ र यस प्रकार दिएको निर्देशनलाई अञ्चल पञ्चायत र अञ्चल सभाले पालन गर्नुपर्दछ ।

## परिच्छेद—८

### श्री ५ को सरकारको विशेष अधिकार

४२. निरीक्षण गर्ने तथा निर्देशन दिने अधिकारः— श्री ५ को सरकारले देहाय बमोजिम गर्न गराउन सक्ने छः—

(क) अञ्चल पञ्चायत, समिति, उप-समिति, वा अञ्चल पञ्चायतहरूको संयुक्त समितिको भोग चलनमा रहेको चल अचल सम्पत्तिको जांच, निरीक्षण वा निजको अन्हौट बमोजिम भइरहेको कुनै कामको निरीक्षण गर्न लगाउने वा जांच गर्ने गराउने,

(ख) अञ्चल पञ्चायत, समिति, उप-समिति वा अञ्चल पञ्चायतहरूको संयुक्त समितिको नियन्त्रणमा रहेको काम कारवाइबारेको रिपोर्ट, बयान अरू कागजपत्र झिकाउने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) अञ्चल पञ्चायत, समिति, उप-समिति वा अञ्चल पञ्चायतहरूको संयुक्त समितिको कुनै काम कारबाइ बेरीतको देखिएमा कानून बमोजिम गर्न लगाउने,

(घ) अञ्चल सभा, अञ्चल पञ्चायत, समिति, उप-समिति र अञ्चल पञ्चायतहरूको संयुक्त समितिको कामले सर्वसाधारण जनताको हानि नोक्सानी हुने वा कसैको जीउ, ज्यानको खतरा हुने वा केही हूलदङ्गा हुन जाने सम्भावना देखिएमा वा सार्वजनिक हितको लागि वा अरू कुनै दृष्टिकोणबाट त्यस्तो काम नगर्ने वा रोक्का गर्न आदेश दिने,

(ङ) कुनै सङ्कटकालीन अवस्थामा यो ऐन बमोजिम अञ्चल पञ्चायतले गर्न पाउने सबै वा केही काम जनसाधारणको स्वास्थ्य सुधार वा सुरक्षाको निमित्त अथवा सार्वजनिक हितको लागि अरू कुनै दृष्टिकोणबाट तुरुन्त गराउनु आवश्यक छ भन्ने लागेमा मनासिब माफिकको म्याद तोकी सो म्यादभित्र काम गर्न अञ्चल पञ्चायतलाई आदेश दिने, सो म्यादभित्र अञ्चल पञ्चायतले नगरेमा सो काम अरू कुनै व्यक्तिबाट गराउने र सो काम गर्ने व्यक्तिको निमित्त उचित मेहनतानासहित काममा लागेको खर्च अञ्चल सभाको कोषबाट भराउने,

तर त्यसरी अरू कुनै व्यक्तिबाट काम गराउनभन्दा अघि माथि लेखिए बमोजिम तोकिएको म्यादभित्र काम नगरेको कारण श्री ५ को सरकार छेउ पेश गर्ने मौका अञ्चल पञ्चायतलाई दिने,

(च) सङ्कटकालीन स्थितिमा सर्वसाधारण जनताको सुरक्षा निहित भएको काम कारबाइको सम्बन्धमा अञ्चल पञ्चायतले गर्नुपर्ने काम नगरेमा र अञ्चल पञ्चायत भङ्ग भएको अवस्थामा श्री ५ को सरकारले आफूले मनासिब सम्झे बमोजिम आवश्यक काम गराउन पाउने र सो काममा लागेको खर्च सभाको कोषबाट बेहोरिने।

## परिच्छेद-९

### दण्ड सजाय

४३. यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम वा आदेश वर्खिलाप काम गरेमा हुने दण्ड सजायः– कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा आदेश वर्खिलाप गरी कुनै काम कारबाइ गरेमा अञ्चल पञ्चायतले ने. रू. १ देखि ५०। रुपैयाँ–सम्म जरिवाना गर्नेछ र अटेर गरी सोही अपराध फेरि गरेमा पटकै पिच्छे अघि भएको जरिवानामा थप १ देखि ५। रुपैयाँसम्म जरिवाना हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४. अञ्चल पञ्चायतको सम्पत्ति हटाएमा, हेरफेर, हिनामिना गरेमा वा नोक्सानी गरेमा हुने दण्ड सजायः– कसैले जानी-जानी वा लापरवाहीले अञ्चल पञ्चायतको आफ्नो वा आफ्नो जिम्मामा रहेको चल अचल सम्पत्तिलाई कानूनले अनुमति दिन पाउने व्यक्तिको इजाजत नलिई हटाएमा वा हेरफेर वा हिनामिना गरेमा वा नोक्सान गरेमा वा गर्न लगाएमा अञ्चल पञ्चायतले भएको हानि नोक्सानीसमेत सो व्यक्तिबाट उपर गरी लिन वा उसैलाई साबिक बमोजिम तयार गर्न लगाउन सक्ने छ र एकदेखि पचास रुपैयाँसम्म जरिवानासमेत गर्न सक्ने छ ।

४५. अञ्चल पञ्चायतको सम्पत्ति नोक्सानी वा दुरुपयोग गरेमा सदस्य र कर्मचारीहरूको जवाफदेहीः– अञ्चल पञ्चायत वा संयुक्त समितिका कुनै सदस्य वा कर्मचारीले आफ्नो अञ्चलचमा रहेको सम्पत्ति निजको लापरवाही वा अविचारले नोक्सान वा दुरुपयोग गरेमा जसले नोक्सानी वा दुरुपयोग गरेको छ उसैले नै जवाफदेही हुनुपर्छ । नोक्सानी उपर गर्न नसकेमा अञ्चल पञ्चायतले सो नोक्सानी वा प्रयोगको हर्जाना असूल उपर गर्नको लागि स्थानीय माल अड्डालाई लेखी पठाउने छ ।

४६. दण्ड जरिवाना असूल उपर गर्न नसकेमा गर्नेः– यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा आदेश बमोजिमको दण्ड, जरिवाना अञ्चल पञ्चायतको कुनै व्यक्तिबाट असूल उपर गर्न नसकेमा स्थानीय माल अड्डामा पेश गरी स्थानीय माल अड्डाले पनि सरकारी बांकी सरह असूल उपर गरी अञ्चल पञ्चायतलाई बुझाई दिनुपर्नेछ ।

४७. अपीलः– (१) अञ्चल पञ्चायतले आदेश दिएको वा अह्राएको काममा कुनै व्यक्तिको चित्त नबुझेमा निजले जनाउ पाएको तीन दिनभित्र श्री ५ को सरकारबाट तोकिएको पदाधिकारी छेउ अपील गर्न सक्ने छ । सो पदाधिकारीले आवश्यक जांचबुझ गरी सो आदेश वा अह्राैटलाई सदर बदर वा केही उल्टी गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम तोकेको पदाधिकारीलाई पर्याप्त कारण देखाई चित्त बुझाएमा सो म्याद नाघेको १५ दिनभित्रसम्म अपील गर्न सक्ने छ ।

(३) उपदफा (१) बमोजिम अपील परी सो पदाधिकारीले गरेको निर्णय अन्तिम हुने छ ।

४८. काम कारवाइ मुलतबी राख्नेः– अञ्चल पञ्चायतले दिएको आदेश वा अह्राैटमा कुनै व्यक्तिको चित्त नबुझी दफा ४७ बमोजिम अपील परेमा सो अपीलको फिनारा नभएसम्म सो आदेश वा अह्राैट बमोजिम गर्न नपर्ने गरी अपील सुन्ने पदाधिकारीले आदेश दिन सक्छ ।

४९. कर्तव्य पालन गर्दा वा अधिकार प्रयोग गर्दा असल नियतले गरेकोमा दोषी नहुनेः– अञ्चल पञ्चायत वा सदस्य वा अञ्चल पञ्चायतले खटाएको व्यक्ति वा त्यस्तो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा आदेश वा विनियम बमोजिम गर्नुपर्ने कर्तव्य पालन गर्दा वा अधिकार प्रयोग गर्दा असल नियतले गरेको ठहरेमा सजायको भागी हुने छैन ।

## परिच्छेद–१०

### विविध

५०. अञ्चल सभा वा अञ्चल पञ्चायतको निर्णयः– (१) यस ऐनमा अन्यथा लेखिएको–मा बाहेक अञ्चल सभा वा अञ्चल पञ्चायतको निर्णय उपस्थित सदस्यहरूको बहुमतबाट गरिने छ ।

(२) सभापतित्व गर्ने व्यक्तिलाई सामान्यतः मत दिने अधिकार हुने छैन तर मत बराबर बांडिएमा निजले आफ्नो निर्णयात्मक मत दिन सक्ने छ ।

५१. अधिकार सुम्पन सक्ने:– श्री ५ को सरकारले यो ऐन बमोजिम प्राप्त सबै वा केही अधिकार नेपाल गजेटमा प्रकाशित आदेशद्वारा सोही आदेशमा तोकिएको अधिकारीले तोकिएको शर्त बन्देजको अधीनमा रही प्रयोग गर्न पाउने गरी सुम्पन सक्ने छ ।

५२. अञ्चल सभामा अरू कुनै पञ्चायत वा त्यसको कुनै हिस्सा गाभिंदाको परिणामः– कुनै अञ्चल सभामा अर्को अञ्चल पञ्चायतको कुनै हिस्सा गाभिन आएमा देहाय बमोजिम हुनेछः–

(क) कुनै पञ्चायतको पूरै इलाका गाभिन आएकोमा सो पञ्चायतको सबै ऋण, धन, अधिकार, दायित्व, जायज्यथा र कागजपत्र गैह्र जुन अञ्चल सभामा गाभिएको हो सो अञ्चल सभामा सर्नेछ,

(ख) खण्ड (क) बमोजिम नभै कुनै हिस्सा मात्र गाभिएकोमा दामासाहीले हुनेछ ।

५३. पुलिसले सहयोग गर्नुपर्ने:– यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम अञ्चल सभा, अञ्चल पञ्चायत वा अरू कुनै अधिकारीले दिएको कुनै आदेश वा गरेको निर्णयको बखिलाप कुनै काम कुरा हुन लागेको थाहा भएमा त्यस्तो काम कुरा गर्ने व्यक्ति उपर कारवाइ चलाउन अञ्चल पञ्चायतसंग सम्पर्क राखी आवश्यक सहयोग गर्नु प्रत्येक पुलिस कर्मचारीको कर्तव्य हुनेछ ।

५४. नियम बनाउने श्री ५ को सरकारको अधिकारः– यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्ने छ ।

५५. विनियम बनाउने अञ्चल पञ्चायतको अधिकार:– यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही अञ्चल पञ्चायतले विनियम बनाउन सक्ने छ । सो विनियम श्री ५ को सरकारबाट स्वीकृति भएपछि लागू हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।